# PrEP को खर्च भुक्तानीमा मद्दत चाहिन्छ?

## प्रि-एक्सपोजर प्रोफिलेक्सिस (Pre-exposure prophylaxis, PrEP) मानिसहरूले एचआईभी सङ्क्रमणको चिन्तालाई कम गर्न सकुन् भनेर दैनिक रूपमा लिने चक्की हो।

### तपाईं निम्नमध्ये कोही हुनुहुन्छ भने PrEP लिने विचार गर्न सक्नुहुन्छ:

- समलिङ्गी वा उभयलिङ्गी पुरुष जो असुरक्षित गुदा मैथुन गर्दछन्
- पुरुषसँग यौनसम्पर्क गर्ने ट्रान्सजेन्डर महिला
- एचआईभी-सङ्क्रमित पार्टनरसँगको सम्बन्धमा रहेका
- धेरै यौनसाथीहरूसँग कन्डम प्रयोग नगरी यौन सम्बन्ध राख्ने व्यक्ति

### एचआईभी-नेगेटिभ व्यक्तिहरूका लागि छ बुँदे PrEP कार्यक्रममा निम्न कुराहरू समावेश छन्:

- नियमित एचआईभी परीक्षण
- दिनमा एक पटक, हरेक दिन एउटा त्रुवाडा चक्की सेवन गर्ने
- यौन संचारित रोग (STD) बाट बच्न कण्डम प्रयोग गर्ने
- आवधिक रूपमा यौन संचारित रोग स्क्रिनिङ
- एचआईभी र यौन संचारित रोग लाग्ने जोखिमलाई कसरी कम गर्ने भन्नेबारे शिक्षा
- नियमित रूपमा औषधि लिने बारेमा परामर्श र सहायता

तपाईंको बिमा नै गरिएको छैन वा पूर्ण बिमा गरिएको छैन भने न्युयोर्क प्रान्तीय स्वास्थ्य विभाग (Department of Health) प्रि-एक्सपोजर प्रोफिलेक्सिस सहायता कार्यक्रम **(Pre-exposure Prophylaxis Assistance Program, PrEP-AP)** ले PrEP का लागि मेडिकल अपोइन्टमेन्ट र प्रयोगशाला सेवाहरूवापतको शुल्क भुक्तान गरिदिने छ। तर, तपाईंले नामाङ्कन गरिएको PrEP-AP प्रदायकबाट सेवाहरू लिनुपर्ने हुन्छ।

**PrEP-AP कार्यक्रमले औषधि खरिद गर्न रकम प्रदान गर्दैन। PrEP-AP मा नामाङ्कित स्वास्थ्य सेवा प्रदायकहरूले बिरामीहरूको औषधिको लागत बेहोर्न औषधि उत्पादकहरूको बिरामी सहायता कार्यक्रममा आवेदन दिनमा मद्दत गरिदिनुपर्ने हुन्छ।**

## PrEP-AP मा निम्नलगायत सेवाहरू समावेश गरिएको हुन्छ:

- एचआईभी परीक्षण
- निर्देशनहरू पालना गर्ने सम्बन्धी परामर्श र क्लिनिकल अनुगमन
- यौन संचारित रोग परीक्षण
- न्युयोर्क राज्यका एचआईभी क्लिनिकल दिशानिर्देशहरू (HIV Clinical Guidelines) अनुरूपका सहायक स्वास्थ्य सेवाहरू

**याद गर्नुहोस्, सेवाहरू कभर गर्नका लागि प्रदायक PrEP-AP मा नामाङ्कन गरिएको हुनुपर्छ।**

## म PrEP-AP मा कसरी सामेल हुन सक्छु?

- तपाईंको बिमा नै गरिएको छैन वा पूर्ण रूपमा बीमित हुनुहुन्न भने, तपाईंले बीमित नभएका एचआईभी सेवा कार्यक्रम (HIV Uninsured Care Programs)/एड्स औषधि सहायता कार्यक्रम, (AIDS Drug Assistance Program, ADAP) कै नामाङ्कन फारामहरू प्रयोग गरेर PrEP-AP मा आवेदन दिन सक्नुहुन्छ । ती फारामहरू यहाँ पाउन सकिन्छ: www.health.ny.gov/diseases/aids/resources/adap/index.htm।
- नामाङ्कित प्रदायकहरूले कभर गरिने सबै सेवाहरूवापतको भुक्तानीका लागि PrEP-AP कार्यक्रममा दाबी पेस गर्न सक्ने छन्।
- तपाईंलाई नामाङ्कन प्रक्रिया र विस्तृत स्वास्थ्य सेवा कभरेजमा पहुँच प्राप्त गर्नमा मद्दतका लागि PrEP-AP हटलाइन उपलब्ध छ । 1-800-542-2437 मा फोन गर्नुहोस्।

## स्रोतहरू

**न्युयोर्क राज्य स्वास्थ्य विभाग (Department of Health) PrEP:**
www.health.ny.gov/diseases/aids/general/prep/

**NYS PrEP प्रदायक डाइरेक्ट्री:**
www.health.ny.gov/diseases/aids/general/prep/provider_directory.htm

**एचआईभी रोकथाम गर्न अझ सहज भयो (HIV Prevention Just Got Easier):** www.prepforsex.org

**न्युयोर्क राज्य एचआईभी हटलाइनहरू:** 1-800-541-AIDS वा 1-800-233-7432 (स्पेनिस)

**न्युयोर्क नगर स्वास्थ्य तथा मानसिक स्वास्थ्य विभाग (Department of Health and Mental Hygiene) PrEP:** www.nyc.gov/html/doh/html/living/prep-pep.shtml

**रोग नियन्त्रण तथा रोकथाम केन्द्रहरू (Centers for Disease Control and Prevention)**
www.cdc.gov/hiv/prevention/research/prep/